नेपाल सरकार
शिक्षामन्त्रालय
शिक्षाविभाग

# जिल्ला शिक्षा कार्यालय
## सुनसरी

प.सं. ०७३/७४
च.नं.१७५२ मिति :- २०७३/१२/२९

विषय : निर्देशन ।

**श्री सबै सामुदायिक विद्यालय,**
**सुनसरी ।**

प्रस्तुत विषयमा आर्थिक वर्ष ०७३/७४ को स्वीकृत कार्यक्रम अनुसार त्यस विद्यालयको खातामा तपसिल अनुसारको रकम प्रथम र दोस्रो चौमासिमा निकासा गरिएको छ। देहायमा उल्लिखित आधार एवम् प्रक्रिया अनुरुप कार्यक्रम सञ्चालन गरी स्रोत व्यक्तिको अनुगमन सिफारिस समेत संलग्न गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुहुन अनुरोध छ।

<u>तपसिल</u>

**१. विद्यालय सुधार योजना, समुदाय तथा विव्यसहरुको क्षमता विकासका लागि अन्तरक्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन अनुदान : आधारभूत तह सञ्चालित विद्यालयका लागि रु.१०,०००। र माध्यमिक तह सञ्चालित विद्यालयका लागि रु.२०,०००।**

- विद्यालय सुधार योजनाको चौमासिक प्रगति समिक्षा गर्ने,
- शिक्षक र विद्यार्थीको क्षमता अभिबृद्धि विकास क्रियाकलाप सञ्चालन गर्ने,
- विव्यस,शिअसंका पदाधिकारी र अन्य अभिभावकहरुलाई सहभागि गराई स्रोतकेन्द्रबाट प्र.अ.हरुलाई गरिएको प्रशिक्षणको आधारमा अभिभावक शिक्षा सम्वन्धि २ दिने अभिमुखिकारण कार्यक्रम सञ्चलन गर्ने। अभिभावक शिक्षा २ दिने अभिमुखिकारण सञ्चालन गर्दा स्रोतव्यक्तिबाट सहजिकरणको सहयोग लिने।
- विद्यार्थीहरुको प्रतिभा विकासका लागि अनिवार्यरुपमा विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने।
- विपद् व्यवस्थापन समेत समावेश गरी विद्यालय सुधार योजनाको आगामी शैक्षिक सत्रको लागि वार्षिक कार्यान्वयन योजना अनिवार्य रुपले निर्माण गर्ने,
- वार्षिक अद्यावधिकरणका लागि कम्तिमा १ दिने विद्यालय स्तरीय कार्यशाला सञ्चालन गर्ने

**२. सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्यांक व्यवस्थापन, बुलेटिन प्रकाशन जस्ता क्रियाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदान : आधारभूत तह प्रति विद्यालय रु.८,०००। माध्यमिक तह प्रति विद्यालय रु.११,०००।**

- विद्यालयगत वार्षिक कार्यक्रम कार्यान्वयन योजना तयार गरी विव्यसको बैठकबाट स्वीकृत गराउने र सो योजना सूचना पाटीमा अनिवार्य रुपमा टाँस्ने,
- शिक्षा ऐन, नियम तथा सामाजिक परीक्षण निर्देशिका अनुरुप सामाजिक परीक्षण र लेखा परीक्षण अनिवार्य रुपले गरी तोकिएको समयावधि भित्र प्रतिवेदन स्रोतकेन्द्रमा बुझाउने,
- प्रत्येक विद्यालयले Excel Base को Electronic EMIS File २०७४ जेठ ७ गते भित्र जि.शि.का.बाट EMIS सम्वन्धी प्रशिक्षण लिएका स्रोतकेन्द्रका रोस्टर शिक्षकवाट सहयोग लिई तयार गरी स्रोतकेन्द्र मार्फत जेठ १५ भित्र जिशिकामा पेश गर्ने
- Excel BaseElectronic EMIS File तयार भएपछि विद्यार्थी रिपोर्ट कार्ड तयार गर्ने, विद्यालयका मुख्य मुख्य सूचक सहित सूचनाहरुलाई प्रकाशित गरी सरोकारवालाहरु समक्ष प्रवोधीकरण गर्ने।

नेपाल सरकार
**शिक्षामन्त्रालय**
**शिक्षाविभाग**

# जिल्ला शिक्षा कार्यालय

## सुनसरी

- Excel Base को Electronic EMIS File मा उल्लिखित सूचना/तथ्यांकको आधारमा मात्र जिशिकाबाट सुविधाहरु उपलब्ध हुने

**३. शिक्षण सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान :**
आधारभूत तह (कक्षा १-५) प्रति विद्यार्थी रु.१५०।, आधारभूत तह (कक्षा ६-८) प्रति विद्यार्थी रु.२००। माध्यमिक तह (कक्षा ९-१०) प्रति विद्यार्थी रु.२००।, माध्यमिक तह (कक्षा ११,१२) प्रति विद्यार्थी रु.२५०। का दरले IEMIS का आधारमा निकासा

- विव्यस को निर्णय बमोजिम विद्यालय सुधार योजना कार्यान्वयन गर्ने, शैक्षिक सामग्री व्यवस्थापन गर्ने,
- विद्यालयको शिक्षाको गुणस्तर सुधार केन्द्रित क्रियाकलाप सञ्चालन गर्ने,
- बुक कर्नर तथा सिकाइ सामग्री व्यवस्थापनमा खर्च गर्ने ।

**४. विद्यालय कर्मचारी व्यवस्थापन अनुदान**

- कक्षा १-३ सञ्चालित विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु.४,०००। का दरले १३ महिनाको रकम निकासा,
- कक्षा १-५ सञ्चालित विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु.४,५००। का दरले १३ महिनाको रकम निकासा,
- कक्षा १-८ सञ्चालित विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु.७,५००। का दरले १३ महिनाको रकम निकासा,
- कक्षा १-१० र १-१२ सञ्चालित विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु.७,५००। का दरले १३ महिनाको र १ जना विद्यालय सहायक कर्मचारीका लागि मासिक रु.११,५००। का दरले १३ महिनाको रकम निकासा ।

**५.विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान :** आधारभूत तह (कक्षा १-५) प्रति विद्यालय वार्षिक रु.१५,०००। आधारभूत तह (कक्षा १-८) प्रति विद्यालय वार्षिक रु.२०,०००। माध्यमिक तह (कक्षा १-१०) प्रति विद्यालय वार्षिक रु.२५,०००। माध्यमिक तह (कक्षा १-१२) प्रति विद्यालय वार्षिक रु.३०,०००।

**६. छात्रवृत्ति निकासा :** आधारभूत तहका सबै दलित र छात्राका लागि दलित तथा छात्रा छात्रवृत्ति प्रति विद्यार्थी रु.४००। का दरले, माध्यमिक शिक्षा छात्रवृत्ति प्रति विद्यार्थी रु.१,७००। का दरले, माध्यमिक तह दलित र सिमान्तकृत छात्रवृत्ति प्रति विद्यार्थी रु.५००। का दरले, अपाङ्ग छात्रवृत्ति (शैक्षिक सामग्री छात्रवृत्ति) रु.१,०००। का दरले निकासा ।

- विद्यालयलाई प्राप्त भएको छात्रवृत्ति विद्यालय व्यवस्थापन समितिको निर्णयबाट अभिभावकहरुको उपस्थितिमा विद्यार्थीहरुलाई वितरण गर्ने,
- वितरित छात्रवृत्ति सम्बन्धी विवरण विद्यालयको सूचना पार्टीमा अनिवार्य टाँस गर्ने,
- दोहोरो नपर्ने गरी छात्रवृत्ति वितरणको व्यवस्था मिलाउने,
- नयाँ भर्ना भएका लक्षित समूहका सबै विद्‍यार्थीहरुलाई अनिवार्य रुपले प्रोत्साहन स्वरूप छात्रवृत्ति प्रदान गर्ने ।

***सबै प्रकारका छात्रवृत्ति गणतन्त्र दिवसको अवसरपारेर सबै विद्यालयहरुले २०७४ साल जेठ १४ गते एकै दिन वितरण गर्ने ।***

नेपाल सरकार
शिक्षामन्त्रालय
शिक्षाविभाग

# जिल्ला शिक्षा कार्यालय
## सुनसरी

### ७. निशुल्क पाठ्यपुस्तक व्यवस्थापनका लागि अनुदान

जि.शि.का.बाट भेरिफिकेशन गरिएको विद्यार्थी संख्याको आधार हाल ७५ प्रतिशत विद्यार्थीका लागि तपसिल बमोजिमको मूल्यले हुन आउने अनिवार्य विषयको  रकम र ऐच्छिक विषयका लागि समेत थप रकम विद्यालयको खातामा निकासा गरिएको छ ।

**अनिवार्य विषय पाठ्पुस्तक मूल्या**

| कक्षा | थान सेट | मुल्य |
|---|---|---|
| १ | ५ | रु २७० । ६० |
| २ | ५ | रु २६१ ।८० |
| ३ | ५ | रु १५८ ।०० |
| ४ | ५ | २०५ ।२५ |
| ५ | ५ | २२२।२५ |
| ६ | ९ | ४०९।२० |
| ७ | ९ | ४९७२० |
| ८ | ९ | ४९३ ।२० |
| ९ | ६ | ३५०।६० |
| १० | ६ | ५०६ ।१० |
| ११-१२ | पुस्तकालय व्यवस्थापन | रु ५०,०००। एकमुष्ठ । |

- शैक्षिक सत्र २०७४ को पहिलो हप्ता  भित्रै विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउने गरि नयाँ पाठ्यपुस्तक खरिद गर्ने र पाठ्पुस्तक वितरण समितिवाट निणर्य गराई अभिभावकहरुको भेला गरि विद्यार्थिहरुलाई वितरण गर्ने । पाठ्यपुस्तक वितरण गर्दा हस्तक्षर गर्न नसक्ने विद्यार्थीको  अभिभावकलाई नै भरपाई गराइ पाठ्यपुस्तक वितरण गर्ने ।
- नयाँ पाठ्यपुस्तक वितरण गर्नु अधि अघिल्लो बर्ष उपलब्ध गराएको पाठ्यपुस्तक फिर्ता लिई उपयोग गर्न योग्य पाठ्यपुस्तकहरु पुस्तकालय वा कक्षाकोठाको बुक कर्नरमा राख्ने व्यवस्था गर्ने ।
- कुनै विषयका पाठ्यपुस्तक स्थानीय बजारमा उपलब्ध हुन ढिलाई भए पनि विषयगत पाठ्यक्रम र पूराना पाठ्यपुस्तको आधारमा पठनपाठन नियमित गर्ने र बजारमा पाठ्यपुस्तक उपलब्धहुनासाथ नयाँ खरिद गरि विद्यार्थीलाई उपलब्ध गराउने ।
- विद्यालयले समयमा पाठ्यपुस्तक खरिद नगरेमा ,पूराना पाठ्यपुस्तक प्रयोग गरि निशुल्क पाठ्यपुस्तकका लागि निकासा रकम अन्य शिर्षकमा खर्च गरेमा र अनुमति प्राप्त नगरेको संस्थावाट छपाइ भएको पाठ्यपुस्तक खरिद गरेमा कानुन बमोजिम कारबाहि हुनेछ ।
- कक्षा ११-१२ सञ्चालन भएका विद्यालयले कक्षा ११ र १२ का विषयगत पाठ्यपुस्तकहरु खरिद गरी विद्यालयको पुस्तकालयबाट लक्षित समूहका सवै विद्यार्थीहरुले नियमित प्रयोग गर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
शिक्षामन्त्रालय
शिक्षाविभाग

# जिल्ला शिक्षा कार्यालय

## सुनसरी

**८ अनिवार्य आधारभूत शिक्षाका लागि विद्याथी भर्ना, विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाई उपलबिधमा सुधार कार्यक्रम कार्यान्वयनका लागि निर्देशन :**

**"हामी सवैको इच्छा , अनिवार्य निःशुल्क आधारभूत शिक्षा "**
(शैक्षिक सत्र २०७४ को विद्यार्थी भर्ना अभियानका लागि आर्दश वाक्य)

क. शैक्षिक सत्र सुरु हुनुभन्दा अगावै नै हरेक विद्यालयले आफ्नो सेवा क्षेत्र भित्र विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुको पहिचान गरि विवरण तयार गरी सो विवरण स्रोतकेन्द्र मार्फत जिल्ला शिक्षा कार्यालयमा पठानुपर्ने

ख. नियमित भर्नामा विद्यालयमा भर्ना हुन नसकेका बालबालिकाहरुको भर्ना कालागि घरदैलो विशेष कार्यक्रम संचालन गर्ने कार्य योजना बनाई कार्यान्वयन गर्ने ,

ग. २०७४ बैशाख २ गतेदेखी १४ गते सम्म पहिलो चरणमा भर्ना हुन आउने विद्यार्थीहरुलाई पुर्ण सेटमा पाठयपुस्तक र मुस्कान सहितको फुल अविर तथा स्थानिय संस्कृति अनुसार स्वागत गर्ने ।

घ. विद्यार्थी भर्ना , विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ कार्यक्रमलाई प्रभावकारी बनाउन प्रधानाध्यापक, शिक्षक , विद्यालय ब्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघले स्थानिय समूह संघ संस्था र अभिभावक परिचालन गरि २०७४ बैशाख १४ गते सम्म विद्यालयमा भर्ना हुन नसकेका आफ्नो सेवा क्षेत्र भित्र सचीकृत गरिएका बाल बालिकाहरुका लागि दोस्रो चरणमा भर्ना गर्न आमन्त्रण पत्र सहित घरदैलो भ्रमण गरी अभिभावकलाई शिक्षाका महत्व सम्बन्धि परामर्श गरी १५ गतेदेखि मसन्त सम्म भर्ना गराउने ।

ङ. बहिरा सुस्त श्रवण, दृष्टि विहिन, न्युन दृष्टियुक्त , शारिरिक, बौद्रिक , अटिजम, स्वरबोलाइ, श्रवण दृष्टिविहिन लगायत सबै किसिमका अपांगता भएका बालबालिकाहरुलाई उमेर अनुसार प्रारम्भिक मिल्दो बाल शिक्षा कक्षा तथा विद्यालयहरुमा निः शुल्क भर्नाको ब्यबस्था मिलाउने । अपांगताको अवस्थाका आधारमा विद्यालयमा तालिम प्राप्त शिक्षक नभएको अवस्थामा समावेशी शिक्षा स्रोतकक्षा वा एकीकृत विद्यालय वा विशेष विद्यालयमा सिफारिस गरि पठाउन ब्यबस्था मिलाउने ।

च. नया भर्ना हुन आउने बालबालिकाहरुका लागि जन्मदर्ता प्रमाणपत्र अनिवार्य गरिनुपर्ने साथै जन्मदर्ता प्रमाण पत्रमा उल्लेख भएको जन्मदर्ता नम्बर विद्यार्थी भर्ना अभिलेख तथा विद्यार्थी हाजिरी पुस्तिकामा अभिलेखिकरण गरी उक्त जन्मदर्ता नम्बर सम्बन्धित विद्यालयको विद्युतिय शैक्षिक सुचना पद्वतिमा समेत प्रविष्टि गर्ने ।

छ . हरेका विद्यालयले प्रत्येक कक्षाको कक्षागत विषयगत सिकाई उपलब्धि विश्लेषण गरी आगामी शै.स.का लागि सिकाई उपलब्धि लक्ष्य किटान गर्ने र प्रधानाध्यापकको कार्यकक्षमा प्रदर्शन गर्ने ।

ज. नयाँ भर्ना खुल्नेगरी साविकका विद्यार्थी र नयाँभर्ना अलगअलग बनाइ कक्षागत विद्यार्थी विवरण जेठको पहिलो साता भित्र अनिवार्य रुपमा स्रोतकेन्द्रमा पेश गर्ने ।

.............................
खगेन्द्रप्रसाद सुवेदी
(जिल्ला शिक्षा अधिकारी )

**वोधार्थ तथा कार्याथ**
स्रोतव्यक्ति सवै स्रोतकेन्द्र , सुनसरी

स्रोतकेन्द्र भित्रका विद्यालयहरुमा माथि उल्लिखित क्रियाकलापहरुको कार्यान्वयन तथा व्यवस्थापनमा सहजीकरण, समन्वय तथा अनुगमन गरी प्रतिवेदन पेश गर्नुहुन ।

नेपाल सरकार
शिक्षामन्त्रालय
शिक्षाविभाग

# जिल्ला शिक्षा कार्यालय

## सुनसरी

## “हामी सवैको इच्छा , अनिवार्य निःशुल्क आधारभूत शिक्षा ”

## भर्ना अभियान २०७४ को आर्दशवाक्य